मेलम्ची नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
मेलम्ची, सिन्धुपाल्चोक
बागमती प्रदेश, नेपाल

# कृषि विकास कार्यक्रममा प्रस्ताव आव्हान सम्बन्धी सूचना

प्रथम पटक सूचना प्रकाशित मितिः २०८१/०७/२६ नेे.स ११४५ कछलाथ्व दशमी

सूचना नं : १४-०८१/०८२ (कृषि विकास शाखा)

मेलम्ची नगरपालिका कृषि विकास शाखाको आ.व. २०८१/०८२ को स्वीकृत देहायका कृषि विकास कार्यक्रम सञ्चालनको लागि मापदण्ड इच्छुक पुगेका कृषक/कृषक समूह/कृषि सहकारी/ कृषि फर्महरुले आवश्यक कागजात सहित यो सूचना प्रकाशित भएको मितिले २१ औं दिन अर्थात मिति २०८१/०८/१६ गते कार्यालय समय भित्र मेलम्ची नगरपालिका कृषि विकास शाखामा निवेदन पेश गर्नुहुन वा कृषि विकास शाखाको वेवसाइट **https://www.melamchikrishi.gov.np/** वा प्ले स्टोरबाट **Melamchi Krishi** मोवाइल एप डाउनलोड गरी आयोजना/ कार्यक्रम माग आवेदन फारममा क्लिक गरी अनलाइन आवेदन पेश गर्न सकिने व्यहोरा सम्बन्धित सबैको जानकारीको लागी यो सूचना प्रकाशित गरिएको छ। साथै अनुदानको मलको भरपाई बुक नं नभएका र रित नपुगि दर्ता भएका आवेदनहरु छनोट प्रक्रियामा समावेश नगरिने व्यहोरा समेत अनुरोध छ।

| क्र.स | कार्यक्रमको नाम | माग गर्न सक्ने क्रियाकलाप तथा सामाग्रीको नाम | अनुदान प्रतिशत |
|---|---|---|---|
| १ | बगैंचा सुधार | निलोतुथो, चुन, प्रोटिन बेट, खनिज तेल, सिकेचर, पुर्निङ स फलटिप्ने भऱ्याङ। | ७५ |
| २ | कृषि व्यवसाय प्रवर्द्धन | प्लाष्टिक टनेल (बाँसको टनेल निर्माण गरिसकेपछी उपलब्ध गराइने) | ७५ |
| ३ | फलफूल विकास | कागती र सुन्तलाको बिरुवाहरु। (५ रोपनी भन्दा बढीमा कागती तथा सुन्तला खेती गर्ने कृषकहरुलाई ५ रोपनीमा खाल्डो खन्ने तथा मल हालेर खाडल पुरेपछि मात्र विरुवा उपलब्ध गराइने) | १०० |
| ४ | कफि प्रवर्द्धन | एभोकाडो र मेकाडेमिया नटको विरुवा (कफि खेती गर्ने कृषकहरुको लागी छहारिको लागि) | ७५ |

## आवश्यक कागजातहरु

- तोकिएको ढाँचामा निवेदन (अनुसूची -२)।
- नगरपालिकाले वितरण गरेको अनुदानको मलको भरपाई बुकको फोटो भएको पानाको प्रतिलिपी (संस्थाको हकमा सहभागी कृषकहरु सबैको)।
- सम्बन्धित वडा कार्यालयको सिफारिस। (अनुसुचि-२ मा हुने)
- कागती र सुन्तलाको विरुवा माग गर्ने कृषकहरुले ५ रोपनी वा सो भन्दा बढी आफुले गर्न चाहेको क्षेत्रफलको जग्गाधनी प्रमाण पत्रको प्रतिलिपि जग्गा भाडामा लिएको भए कम्तीमा १० बर्षको प्रमाणित भाडाको करानामाको प्रतिलिपि।
- संस्था दर्ता प्रमाणपत्र, करचुक्ता, सञ्चालक समितीको कार्यक्रम माग गर्ने र लागत साझदारी गर्ने प्रतिवद्धता सहितको निर्णयको प्रतिलिपी (निर्णय गर्दा सहभागि हुने कृषकहरुको नाम, मलको कार्ड नं,

सम्पर्क नम्बर र माग गरेको कार्यक्रम खुल्ने गरि सञ्चालक समितिबाट निर्णय गर्नुपर्ने। (संस्थाको हकमा मात्र)।

- चालु आ.व.को साउन महिना पछि भुमि तथा सम्पति कर तिरेको रसिदको प्रतिलिपि (सहकारी/समूहको हकमा संचालक समितिको पदाधिकारीहरु र सहभागि हुने कृषकहरु सबैको)।
- पशु सेवा शाखामा सुचीकृत प्रमाणपत्रको प्रतिलिपी (कृषि फर्महरुको हकमा मात्र)।

थप जानकारीका लागिः मेलम्ची नगरपालिकाको वेबसाईट **www.melamchimun.gov.np** मा हेर्नुहुन तथा मेलम्ची नगरपालिका कृषि विकास शाखा, एकिकृत सेवा केन्द्र पिप्लेमा सम्पर्क राख्नुहुन वा ०११४०१०८९ सम्पर्क गर्न सक्नुहुनेछ। साथै अनुसुची -२ मेलम्ची नगरपालिकाको वेबसाइट, कृषि विकास शाखा र वडा कार्यालयहरुबाट प्राप्त गर्न सक्नुहुनेछ।

..............................
अशोक कुमार भट्टराई
प्रमुख प्रशासकीय अधिकृत